# षडानन्द नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# प्रदेश नं. १, भोजपुर

मितिः२०७५/०३/२१

## सफलताको कथा

**नगरपालिकाको कार्यलयलाई Inverter जडान गरी चौबिसै घण्टा विद्युतसुविधा सम्पन्न कार्यालय स्थापित।**

प्रस्तुतकर्ताः-
ई. प्रेम विक्रम सिं वस्नेत
सूचना प्रविधी अधिकृत

**पृष्टभूमि**ः सरकारि कार्यप्रणालि चुस्त दुरुस्त रुपमा राख्नको निम्ति र बिद्युतिय सुशासन कायम गर्नको निम्ति तथा ईलेक्ट्रोनिक उपकरणको उच्चतम सुविधा लिनको निम्ति विद्युत सुविधा कार्यालयको निम्ति अति आवस्यक पूर्वाधारको रुपमा रहेको छ। नेपाल लोडसेडिङ मुक्त क्षेत्र घोषणा भएतापनि भौगोलिक कठिनाई तथा प्रबिधिक समस्याको कारणले अनावरत रुपमा विद्युत सुविधा प्राप्त गर्न भोजपुर जिल्लामा चुनौतिको रुपमा रहेको छ।

**विगतको अवस्था** :भोजपुर दिँला नगरपालिका केन्द्र आसपास कुनैपनि स्थानिय विधुत उत्पादन नरहेको तथा केन्द्रिय लाईन बाट उपलब्ध हुने बिधुत बिभिन्न कारण जस्तै हावाहुरि, असिनापानि जस्ता प्राकृतिक अवरोधले बिधुत लाईन तथा टावरमा समस्या आउने तथा समयमा मर्मतकार्य नहुने साथै Peak Hour मा Voltage low हुने समस्याले दैनिक कार्यसम्पादन गर्नको निम्ति कम्पुटर, प्रिन्टर जस्ता उपकरण निर्वाध रुपमा चलाउनको लागि समस्या थियो।

**बिगतका अवस्थालाई परिवर्तन गर्न गरिएका प्रयासहरु/कार्यहरु** :

यो समस्यालाई समाधान गर्न सम्वन्धित निकायमा विधुत समस्या निराकरण गर्नको निम्ति सम्वन्धित निकायमा नगरपालिका प्रमुखहरुले पटक पटक ध्यानाकर्षण गरेतापनि विधुत समस्यामा कमि नआएको।

**हालको अवस्था**ः

छुट्टाछुट्टै कार्यालय भवनको निम्ति बेग्लाबेग्लै Inverter जडानपछि विधुत सुविधा मा समस्या टरेको छ। यसले गर्दा सूचना प्रविधिको कार्यहरु जस्तै Email, Internet, Website Update, सामाजिक सुरक्षा VERS-MIS जस्ता कार्यहरु सम्पन्न गर्नको निम्ति सहज भएको छ। साथै प्राविधिक शाखामा योजनाको Estimate, Cost Evaluation जस्ता कार्य गर्न र लेखा शाखामा Billing तथा अन्य आर्थिक कार्यसम्पादन गर्न सहज भएको छ। यसले गर्दा नागरिकहरु ले छिटो छरितो ढङ्गले सुविधा प्राप्त गर्न थालेका छन।

**निस्कर्ष (स्थानीय तथा राष्ट्रिय बिकासमा परेका प्रवाभ सहितको )** :

सूचना तथा नगरपालिकाको निर्णयहरु छिटोछरितो ढँगले सम्प्रेषण गर्ने, सार्वजनिक गर्ने साथै सूचना तथा जानकारीहरु विधुतिय माध्यममा अभिलेख राख्ने कार्यमा विधुत आपुर्तीले धेरै सहजता गराएको छ। भोगोलिक बिकटताको कारण धेरै टाढा बाट आउनुहुने योजनाको उपभोक्ता समितिका नागरिकहरु ले धेरै दिनसम्म नगरपालिका केन्द्रमै बस्नुपर्ने बाध्यता हटेको र समयमा काम सम्पन्न गरि आफ्नो कार्यक्षेत्रमा फर्कने वातावरण सृजना भएको छ।


LUMINOUS
Inverlast
TALL TUBULAR BATTERY
HIGH LIFE LOW MAINTENANCE
STATUTORY WARNING
CAUTION:
48*
MONTHS
WARRANTY
ILTT EK 18048
150Ah
LUMINOUS





Fig(a):- व्याकअप को लागि जडान गरिएको Inverter हरुको केहि तस्विरहरु




Fig(b): Inverter जडान पछि जोडिएका केहि ईलेक्ट्रोनिक सामानहरु




Fig(c):- कार्यालयमा सूचना प्रविधि शाखामा काम गर्दै कर्मचारी



Fig(c):- कार्यालयमा लेखा शाखामा काम गर्दै कर्मचारी